# लघुवित्त वित्तीय संस्थाहरुको गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदन

## आर्थिक वर्ष २०८०/८१

## दोस्रो त्रयमास - २०८० पुस

नेपाल राष्ट्र बैंक
लघुवित्त संस्था सुपरिवेक्षण विभाग
बालुवाटार, काठमाडौं

# बिषय-सूची


**खण्ड (१)**

**१. परिचय उद्देश्य तथा संख्यात्मक विवरण**

१.१ परिचय
१.२ उद्देश्य
१.३. प्रमुख संख्यात्मक विवरण

**खण्ड (२)**

**२. लघुवित्त वित्तीय संस्थाहरुको अर्द्धवार्षिक स्थिति**

**खण्ड (३)**

**३. निर्देशन पालना स्थिति**


**अनुसूचीहरु**


**क) Key Financial Indicators**
**ख) Sources and Uses**
**ग) Progress Report**

# खण्ड (१)

## परिचय तथा उद्देश्य

### १.१. परिचय

२०७९ पुस मसान्तसम्ममा ६४ वटा "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु रहेकोमा केहि लघुवित्त वित्तीय संस्थाहरु मर्जर तथा प्राप्ती भएपश्चात् यस बैंकको सुपरिवेक्षकीय दायराभित्र २०८० पुस मसान्तमा ५७ वटा लघुवित्त वित्तीय संस्थाहरु संचालनमा रहेका छन् । उक्त लघुवित्त वित्तीय संस्थाहरुले यस विभागमा पेश गरेको आर्थिक वर्ष २०८०/८१ को दोस्रो त्रयमाससम्मको अपरिष्कृत वित्तीय विवरणको आधारमा नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली २०७४ को परिच्छेद ५ बमोजिम गैर-स्थलगत सुपरिवेक्षण (Off-site Supervision) गरी समग्र वित्तीय स्थितिको विश्लेषण तथा निर्देशन पालनाको अवस्था सहितको प्रतिवेदन प्रस्तुत गरिएको छ ।

### १.२. उद्देश्य

(क) यस बैंकबाट वित्तीय कारोवार गर्न इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुको समग्र वित्तीय अवस्थाको विश्लेषण एवम् मूल्याङ्कन गर्ने ।

(ख) गैर-स्थलगत सुपरिवेक्षणबाट प्राप्त पूर्वसावधानी संकेत (Early Warning Signals) को आधारमा स्थलगत निरीक्षणको लागि सूचना प्राप्त गर्ने ।

(ग) लघुवित्त वित्तीय संस्थाहरुबाट प्राप्त वित्तीय विवरण एवम् अन्य कागजातहरूको अध्ययनको आधारमा प्रचलित नियम कानून तथा निर्देशनहरुको पालना भए/नभएको यकिन गर्ने ।

### १.३. सीमा

(क) प्रतिवेदनमा २०८० पुस मसान्तमा संचालनमा रहेका लघुवित्त वित्तीय संस्थाहरुको अपरिष्कृत वित्तीय विवरणहरु समावेश गरिएको छ ।

(ख) अनुपालनाको सन्दर्भमा यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७९ मा भएको व्यवस्थाको अनुपालना स्थितिलाई उल्लेख गरिएको छ ।

# खण्ड (२)

## लघुवित्त वित्तीय संस्थाहरुको अर्द्धवार्षिक स्थिति

### २.१ पहुँच

लघुवित्त वित्तीय संस्थाहरुको संख्या मर्जर तथा एक्विजिसनका कारण घट्दो क्रममा रहेको देखिन्छ। २०७९ पुस मसान्तसम्ममा ६४ वटा लघुवित्त वित्तीय संस्थाहरु रहेकोमा २०८० पुस मसान्तसम्ममा ५७ वटा कायम भएको छ। ५७ वटा लघुवित्त वित्तीय संस्थाहरुमध्ये ३ वटा थोक कर्जा प्रदायक संस्था रहेका छन् भने बाँकी ५४ वटा खुद्रा कर्जा प्रवाह गर्ने लघुवित्त संस्थाहरु रहेका छन्। **लघुवित्त वित्तीय संस्थाहरुको शाखा विस्तार पछिल्लो समयमा सुस्त गतिमा रहेको देखिन्छ। अघिल्लो आर्थिक बर्षको दोस्रो त्रयमासमा लघुवित्त वित्तीय संस्थाहरुको शाखा संख्या ०.३४ प्रतिशतले वृद्धि भएकोमा यस आर्थिक बर्षको दोस्रो त्रयमासमा भने ०.०६ प्रतिशतले वृद्धि भएको देखिन्छ।** समिक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको सदस्य संख्या ०.२२ प्रतिशतले घटेर ६० लाख ३ हजार पुगेको छ भने यस बैंकको निर्देशन बमोजिम एक संस्था एक ऋणीको व्यवस्था भएसँगै ऋणीको संख्या ८.३३ प्रतिशतले घटेर २७ लाख ३६ हजार पुगेको छ।

**तालिका २.१: लघुवित्त वित्तीय संस्थाहरुको पहूँच स्थिति**

| विवरण | २०७९ असार (१) | २०७९ पुस (२) | २०८० असार (३) | २०८० पुस (४) | प्रतिशत परिवर्तन (२-१)/(१) *१०० | प्रतिशत परिवर्तन (४-३)/(३) *१०० |
|---|---|---|---|---|---|---|
| कुल संस्था संख्या | ६५ | ६४ | ५७ | ५७ | | |
| राष्ट्रिय स्तरका संस्था* | ४६ | ४६ | ४२ | ४२ | | |
| क्षेत्रीय/जिल्ला स्तरका संस्था | ६ | ५ | ४ | ४ | | |
| प्रादेशिकस्तरका संस्था | १३ | १३ | ११ | ११ | | |
| कुल शाखा संख्या | ५,०६२ | ५,०७९ | ५,०७३ | ५,०७६ | ०.३४ | ०.०६ |
| कार्य क्षेत्र रहेको जिल्ला | ७७ | ७७ | ७७ | ७७ | ०.०० | ०.०० |
| कुल केन्द्र संख्या (हजारमा) | ४२९ | ४४१ | ४४६ | ४५३ | २.८३ | १.६९ |
| कुल समूह संख्या (हजारमा) | १,३५२ | १,३८१ | १,३९१ | १,४१४ | २.१९ | १.६८ |
| कुल सदस्य संख्या (हजारमा) | ५,८६० | ५,९८८ | ६,०१६ | ६,००३ | २.१९ | (०.२२) |
| कुल ऋणी संख्या (हजारमा) | ३,३०३ | ३,२६० | २,९८४ | २,७३६ | (१.३०) | (८.३३) |
| कुल कर्मचारी संख्या | २३,३०३ | २३,३३३ | २२,४९३ | २१,९६३ | ०.१३ | (२.३६) |

**उपरोक्त राष्ट्रिय स्तरका संस्थाहरुमध्ये थोक कर्जा प्रदायक संस्थाहरुको संख्या ३ रहेको छ।*

**चार्ट २.१ः प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाको शाखा उपस्थिति (प्रतिशतमा)**




प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाको शाखाहरु लुम्बिनी प्रदेशमा सबैभन्दा बढी रहेको देखिन्छ । २०८० पुस मसान्तसम्ममा उक्त प्रदेशमा भएका शाखाको संख्या कुल शाखा संख्याको २३ प्रतिशत (११५१ शाखा) रहेको छ । पहुँचका हिसावले कर्णाली प्रदेशमा लघुवित्त संस्थाको उपस्थिति न्यून रहेको देखिन्छ । उक्त प्रदेशमा कुल शाखा संख्याको ५ प्रतिशत मात्रै शाखाहरु (२३० शाखा) रहेका छन् ।

## २.२ पुँजीकोष

लघुवित्त वित्तीय संस्थाहरुको पुँजीकोषको स्थिति समग्रमा सन्तोषजनक रहेको छ । यस बैंकबाट इजाजतपत्रप्राप्त “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन- २०७९ को निर्देशन नं. १ अनुसार लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो जोखिम भारित सम्पत्तिको आधारमा न्युनतम प्राथमिक पुँजी र पुँजीकोष क्रमशः ४ प्रतिशत र ८ प्रतिशत कायम गर्नु पर्ने वैधानिक प्रावधान रहेको छ । २०८० पुस मसान्तमा समग्रमा लघुवित्त वित्तीय संस्थाहरुको जोखिम भारित सम्पत्तिको अनुपातमा प्राथमिक पुँजी र पुँजीकोष क्रमशः ११.३२ प्रतिशत र १२.६० प्रतिशत रहेको छ। समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पुँजी २.७८ प्रतिशतले र जोखिम भारित सम्पत्ति २.३७ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पुँजी र जोखिम भारित सम्पत्ति क्रमशः २.२३ प्रतिशत र १.०७ प्रतिशतले बढेको थियो ।

**तालिका २.२: पुँजीकोष सम्बन्धी विवरण**

(रु. करोडमा)

| विवरण | २०७९ असार (१) | २०७९ पुस (२) | २०८० असार (३) | २०८० पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१) *१०० | (४-३)/(३) *१०० |
| चुक्ता पुँजी | ३,००९.३१ | ३,०७६.५४ | ३,४३८.८० | ३,५३४.३९ | २.२३ | २.७८ |
| प्राथमिक पुँजी | ५,६६९.११ | ५,९०१.०२ | ५,५९७.८१ | ५,४०९.७१ | ४.०९ | (३.३६) |
| पुँजी कोष | ६,२०८.०३ | ६,४८९.४५ | ६,२२५.०० | ६,०२१.८७ | ४.५३ | (३.२६) |
| जोखिम भारित सम्पत्ति | ४७,७४२.५६ | ४८,२५३.०० | ४६,६९५.२८ | ४७,८०३.४५ | १.०७ | २.३७ |
| **प्राथमिक पुँजी /जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत)** | ११.८७ | १२.२३ | ११.९९ | ११.३२ | | |
| **पुँजी कोष/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत)** | १३.०० | १३.४५ | १३.३३ | १२.६० | | |

## २.३ वित्तीय स्रोत संकलन

थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको सापटी रकममा ह्रास आएको छ । यस्ता लघुवित्त वित्तीय संस्थाहरुको प्रमुख वित्तीय स्रोत पुँजी र सापटी रहेको छ । २०८० पुस मसान्तसम्ममा थोक लघुवित्त वित्तीय संस्थाहरूले ४८ अर्ब ३६ करोड वित्तीय स्रोत संकलन गरेका छन् जुन २०८० असार मसान्तको तुलनामा ८.३१ प्रतिशतले कम हो । आर्थिक वर्ष २०७९/८० को दोस्रो त्रयमासिक अवधिमा वित्तीय स्रोत संकलनमा ५.५७ प्रतिशतले वृद्धि भएको थियो । लघुवित्त वित्तीय संस्थाहरुले प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेको छ । २०८० पुस मसान्तसम्ममा वित्तीय स्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पुँजीको ४.६४ गुणा रहेको छ ।

**तालिका २.३ : वित्तीय स्रोत संकलन सम्बन्धी विवरण (थोक कर्जा प्रदायक)**

(रु.करोडमा)

| विवरण | २०७९ असार (१) | २०७९ पुस (२) | २०८० असार (३) | २०८० पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/ १)*१०० | (४-३)/ ३)*१०० |
| (क) बचत | - | १४४.१९ | १८५.५६ | १७४.११ | - | (६.१७) |
| (ख) सापटी | ४,७३६.८४ | ४,८५६.३८ | ५,०८९.०७ | ४,६६२.३१ | २.५२ | (८.३९) |
| **कुल वित्तीय स्रोत संकलन** | ४,७३६.८४ | ५,०००.५६ | ५,२७४.६२ | ४,८३६.४२ | ५.५७ | (८.३१) |
| प्राथमिक पुँजी (अघिल्लो त्रयमास) | ८४७.५७ | ९२३.६६ | ९६४.८३ | १०४१.४३ | | |
| वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात(गुणा) | ५.५९ | ५.४१ | ५.४७ | ४.६४ | | |

खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले बचत/निक्षेप र सापटी रकम बढाएका छन् । २०८० पुस मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरूले बचत/निक्षेप संकलन रू.

१ खर्ब ६७ अर्ब ६४ करोड र सापटी रू. १ खर्ब ७५ अर्ब ८३ करोड गरी जम्मा रू. ३ खर्ब ४३ अर्ब ४७ करोड वित्तीय स्रोत संकलन गरेका छन् । कुल वित्तीय स्रोत संकलन रकम अघिल्लो आर्थिक वर्ष २०७९/८० को दोस्रो त्रयमासमा ०.३० प्रतिशतले घटेकोमा यस आर्थिक वर्षको दोस्रो त्रयमासमा भने ४.५३ प्रतिशतले बढेको छ । २०८० पुस मसान्तसम्ममा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय स्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पूँजीको ७.६६ गुणासम्म पुगेको छ (तालिका २.४) । प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेको छ ।

**तालिका २.४: वित्तीय स्रोत संकलन सम्बन्धी विवरण (खुद्रा कर्जा प्रदायक)**

(रु.करोडमा)

| **विवरण** | **२०७९ असार (१)** | **२०७९ पुस (२)** | **२०८० असार (३)** | **२०८० पुस (४)** | **प्रतिशत परिवर्तन (२-१)/(१)*१००** | **प्रतिशत परिवर्तन (४-३)/(३)*१००** |
|---|---|---|---|---|---|---|
| (क) बचत | १५,९०२.२८ | १६,६९३.१७ | १६,५२३.७१ | १६,७६३.७१ | ४.९७ | १.४५ |
| (ख) सापटी | १८,६२१.३२ | १७,७२६.०५ | १६,३३४.७४ | १७,५८२.८७ | (४.८) | ७.६४ |
| **कुल वित्तीय स्रोत संकलन** | **३४,५२३.५९** | **३४,४१९.२२** | **३२,८५८.४५** | **३४,३४६.५८** | (०.३०) | ४.५३ |
| प्राथमिक पुँजी (अघिल्लो त्रयमास) | ४,५५८.८० | ५,०३१.१२ | ४,५५८.०९ | ४,४८१.४९ | | |
| वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा) | **७.५७** | **६.८४** | **७.२१** | **७.६६** | | |

## २.४ कर्जा तथा सापटी

**२०८० पुस मसान्तसम्ममा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको निष्क्रिय कर्जा रकममा उल्लेखनिय वृद्रि भएको छ ।** थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०८० असारको तुलनामा १०.३२ प्रतिशतले ह्रास भई २०८० पुस मसान्तमा रू. ५४ अर्ब ८ करोड पुगेको छ । समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटीमध्ये निष्कृय कर्जा रु. १ अर्ब २२ करोड अर्थात २.२५ प्रतिशत रहेको छ । २०८० असार मसान्तमा निष्कृय कर्जाको अनुपात ०.७१ प्रतिशत रहेको थियो भने २०७९ पुस मसान्तमा यस्तो अनुपात ०.८७ प्रतिशत मात्र रहेको थियो । समीक्षा अवधिमा निष्क्रिय कर्जा १८५.६५ प्रतिशतले बढेको छ भने सक्रिय कर्जा ११.७१ प्रतिशतले घटेको छ । गत आर्थिक वर्षको सोही अवधिमा निष्क्रिय कर्जा १२१.०२ प्रतिशतले बढेको थियो भने सक्रिय कर्जा २.६९ प्रतिशतले बढेको थियो । २०८० पुस मसान्तसम्ममा थोक कर्जा प्रदायक संस्थाहरुले पुनरतालिकिकरण गरेको कर्जा रकम रु २६ करोड रहेको छ ।

**तालिका २.५: कर्जा तथा सापटको वर्गीकरण (थोक कर्जा प्रदायक)**

(रु. करोडमा)

| कर्जा विवरण | २०७९ असार (१) | २०७९ पुस (२) | २०८० असार (३) | २०८० पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/३)*१०० |
| सक्रिय कर्जा | ५,७७०.३८ | ५,९२५.८२ | ५,९८८.१९ | ५,२८६.६९ | २.६९ | (११.७१) |
| निष्क्रिय कर्जा | २३.५४ | ५२.०३ | ४२.६० | १२१.७० | १२१.०२ | १८५.६५ |
| **कुल कर्जा तथा सापट** | **५,७९३.९२** | **५,९७७.८५** | **६,०३०.७९** | **५,४०८.३९** | **३.१७** | **(१०.३२)** |
| निष्क्रिय कर्जा अनुपात | **०.४१** | **०.८७** | **०.७१** | **२.२५** | | |

**२०८० पुस मसान्तसम्ममा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको निष्क्रिय कर्जा रकममा वृद्धि भएको छ ।** खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०८० असारको तुलनामा ३.६६ प्रतिशतले बढेर २०८० पुस मसान्तमा रू.३ खर्ब ८५ अर्ब ५३ करोड पुगेको देखिन्छ । यसैगरी २०८० पुस मसान्तमा निष्क्रिय कर्जा रु.२८ अर्ब ८९ करोड अर्थात ७.४९ प्रतिशत रहेको छ । २०८० असार मसान्तमा निष्क्रिय कर्जाको अनुपात ५.५२ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा निष्क्रिय कर्जाको वृद्धिदर ४०.७८ प्रतिशत छ जुन गत आर्थिक वर्षको सोही अवधिमा ८२.६२ प्रतिशतले बढेको थियो । २०८० पुस मसान्तसम्ममा खुद्रा कर्जा प्रदायक संस्थाहरुले पुनरतालिकिकरण गरेको कर्जा रकम रु ४२ अर्ब १७ करोड रहेको छ ।

**तालिका २.६: कर्जा तथा सापटको वर्गीकरण (खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| कर्जा विवरण | २०७९ असार (१) | २०७९ पुस (२) | २०८० असार (३) | २०८० पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/१) *१०० | (४-३)/३)*१०० |
| सक्रिय कर्जा | ३८,१७०.४६ | ३७,३१०.२५ | ३५,१४१.१० | ३५,६६४.२८ | (२.२५) | १.४९ |
| निष्क्रिय कर्जा | १,००४.२० | १,८३३.९० | २,०५१.८५ | २,८८८.६४ | ८२.६२ | ४०.७८ |
| **कुल कर्जा तथा सापट** | **३९१७४.६६** | **३९१४४.१५** | **३७१९२.९५** | **३८५५२.९२** | (०.०८) | **३.६६** |
| निष्क्रिय कर्जा अनुपात | **२.५६** | **४.६८** | **५.५२** | **७.४९** | | |

२०८० पुस मसान्तसम्ममा क्षेत्रगत कर्जा प्रवाहतर्फ लघुवित्त वित्तीय संस्थाहरुबाट कृषि क्षेत्रतर्फ कर्जा प्रवाहको हिस्सामा सामान्य वृद्धि भएको छ । लघुवित्त वित्तीय संस्थाहरुले २०८० पुस मसान्तमा प्रवाह गरेको कुल कर्जाको ४८.९२ प्रतिशत कृषि क्षेत्रमा प्रवाह भएको देखिन्छ । २०८० असार मसान्तमा कृषि क्षेत्रमा ४८.३२ प्रतिशत कर्जा प्रवाह भएको थियो । आर्थिक वर्ष २०८०/८१ को दोस्रो त्रयमाससम्ममा लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा मध्ये घरेलु तथा लघु उद्योग क्षेत्रमा ४.४२ प्रतिशत र सेवा व्यवसाय क्षेत्रमा २५.९१ प्रतिशत कर्जा प्रवाह भएको देखिन्छ ।

### तालिका २.७: कर्जा तथा सापटको क्षेत्रगत वर्गीकरण

| कर्जा विवरण | २०८० असार ( रु. करोडमा ) | २०८० असार ( प्रतिशत ) | २०८० पुस ( रु. करोडमा ) | २०८० पुस ( प्रतिशत ) |
|---|---|---|---|---|
| कृषि | २०,८८७.६३ | ४८.३२ | २१,५०६.८६ | ४८.९२ |
| घरेलु तथा लघु उद्योग | १,२६४.१६ | २.९२ | १,९४३.८० | ४.४२ |
| सेवा व्यवसाय | ११,५४९.०५ | २६.७२ | ११,३९०.८८ | २५.९१ |
| थोक कर्जा | ६,०३०.७९ | १३.९५ | ५,४०८.३९ | १२.३० |
| अन्य | ३,४९२.११ | ८.०८ | ३,७११.३९ | ८.४४ |
| **जम्मा** | **४३,२२३.७४** | **१००.००** | **४३,९६१.३१** | **१००.००** |

२०८० पुस मसान्तसम्ममा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा नोक्सानी व्यवस्था र निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था बढेको छ । २०८० पुस मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था २०८० असार मसान्तको तुलनामा ७.१६ प्रतिशतले बढेर रू. १ अर्ब ६८ करोड पुगेको छ । जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था २०८० असार मसान्तको तुलनामा ६७.८६ प्रतिशतले वृद्धि भई रु.७१ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको दोस्रो त्रयमासमा कुल कर्जा नोक्सानी व्यवस्था रकम १६.८७ प्रतिशतले र निष्क्रिय कर्जा नोक्सानी व्यवस्था रकम ४४.७७ प्रतिशतले बढेको थियो ।

### तालिका २.८: कर्जा नोक्सानी व्यवस्था (थोक कर्जा प्रदायक)

(रु. करोडमा)

| कर्जा विवरण | २०७९ असार (१) | २०७९ पुस (२) | २०८० असार (३) | २०८० पुस (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| सक्रिय कर्जामा नोक्सानी व्यवस्था | ८९.३३ | ९८.९३ | ११४.०४ | ९६.५५ | १०.७४ | (१५.३४) |
| निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था | १९.६२ | २८.४० | ४२.२७ | ७०.९६ | ४४.७७ | ६७.८६ |
| **कुल कर्जा नोक्सानी व्यवस्था** | **१०८.९५** | **१२७.३३** | **१५६.३१** | **१६७.५१** | १६.८७ | ७.१६ |
| **कुल कर्जामा कुल कर्जा नोक्सानी व्यवस्था (अनुपात )** | **१.८८** | **२.१३** | **२.५९** | **३.१०** | | |

२०८० पुस मसान्तसम्ममा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा नोक्सानी व्यवस्था र निष्क्रिय कर्जामा नोक्सानी व्यवस्थामा वृद्धि भएको छ । २०८० पुस मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था २०८० असार मसान्तको तुलनामा १९.३८ प्रतिशतले बढेर रू. २० अर्ब २२ करोड पुगेको छ । जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था २०८० असार मसान्तको तुलनामा ३२.८९ प्रतिशतले वृद्धि भई रु.१४ अर्ब १७ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको दोस्रो त्रयमासमा कुल कर्जा नोक्सानी व्यवस्था रकम ३५.६२ प्रतिशत र निष्क्रिय कर्जा नोक्सानी व्यवस्था रकम ७०.२२ प्रतिशतले बढेको थियो ।

### तालिका २.९: कर्जा नोक्सानी व्यवस्था (खुद्रा कर्जा प्रदायक)

(रु. करोडमा)

| कर्जा विवरण | २०७९ असार (१) | २०७९ पुस (२) | २०८० असार (३) | २०८० पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/३)*१०० |
| सक्रिय कर्जामा नोक्सानी व्यवस्था | ५४०.६८ | ५५२.९१ | ६२७.४२ | ६०४.९४ | २.२६ | (३.५८) |
| निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था | ५२१.१६ | ८८७.१० | १०६६.४५ | १४१७.२१ | ७०.२२ | ३२.८९ |
| **कुल कर्जा नोक्सानी व्यवस्था** | **१०६१.८३** | **१४४०.०१** | **१६९३.८८** | **२०२२.१६** | ३५.६२ | १९.३८ |
| **कुल कर्जामा कुल कर्जा नोक्सानी व्यवस्था(अनुपात )** | **२.७१** | **३.६८** | **४.५५** | **५.२५** | | |

२०८० पुस मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो कर्जा र लघु व्यवसाय कर्जाको अंशमा ह्रास आएको छ । २०८० पुस मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो कर्जासँग कुल कर्जा तथा सापटको अनुपात १९.७९ प्रतिशत रहेको छ । यस्तो अनुपात २०८० असार मसान्तमा २०.४८ प्रतिशत रहेको थियो । लघु व्यवसाय कर्जाको अंश पनि २०८० असारमा ७२.०७ प्रतिशत रहेकोमा २०८० पुसमा ७१.५३ प्रतिशत पुगेको छ ।

### तालिका २.१०: कुल कर्जामा धितो कर्जाको अनुपात (खुद्रा कर्जा प्रदायक)

(रु. करोडमा)

| विवरण | २०७९ असार (१) | २०७९ पुस (२) | २०८० असार (३) | २०८० पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| धितो कर्जा | ७,१२९.९९ | ७,५१२.९० | ७,६१५.२७ | ७,६२९.१४ | ५.३७ | ०.१८ |
| लघु व्यवसाय कर्जा | २९,३३१.८२ | २९,०८७.३९ | २६,८०६.४९ | २७,५७६.३४ | (०.८३) | २.८७ |
| अन्य कर्जा | २,७१२.८५ | २,५४३.८६ | २,७७१.१९ | ३,३४७.४५ | (६.२३) | २०.७९ |
| कुल कर्जा तथा सापट प्रदान | **३९,१७४.६६** | **३९,१४४.१५** | **३७,१९२.९५** | **३८,५५२.९२** | (०.०८) | **३.६६** |
| धितो कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत) | **१८.२०** | **१९.१९** | **२०.४८** | **१९.७९** | | |
| लघु व्यवसाय कर्जा/कुल कर्जा तथा सापट (प्रतिशत) | **७४.८७** | **७४.३१** | **७२.०७** | **७१.५३** | | |
| अन्य कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत) | **६.९३** | **६.५०** | **७.४५** | **८.६८** | | |

## २.५ लगानी

लघुवित्त वित्तीय संस्थाहरूको लगानीमा वृद्दि भएको छ । २०८० पुस मसान्तमा लघुवित्त वित्तीय संस्थाहरूको कुल लगानी रु. १२ अर्ब ४७ करोड पुगेको छ जुन २०८० असार मसान्तको तुलनामा ३३.५३ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षको दोस्रो त्रयमासमा कुल लगानी ५३.७२ प्रतिशतले बढेको थियो । लघुवित्त वित्तीय संस्थाहरूले मुद्धती निक्षेपमा २०८० पुस मसान्तसम्म रु. १० अर्व ४६ करोड राखेका छन् जुन रकम २०८० असार मसान्तको तुलनामा ४३.५४ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा मुद्धती निक्षेपमा राखेको रकम ७०.८४ प्रतिशतले बढेको थियो । लघुवित्त

वित्तीय संस्थाहरूले समीक्षा अवधिमा मुद्धती निक्षेपमा गरेको लगानीमा वृद्दि भएको देखिन्छ ।

**तालिका २.११ः लगानी विवरण**

(रु. करोडमा)

| विवरण | २०७९ असार (१) | २०७९ पुस (२) | २०८० असार (३) | २०८० पुस (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| सरकारी सुरक्षणपत्र | ७५.९६ | ८८.३१ | १०५.९४ | ११५.०७ | १६.२६ | ८.६२ |
| शेयर तथा डिवेन्चर | ९.३५ | १३.०० | १०.११ | १०.१७ | ३८.९९ | ०.६० |
| मुद्वती निक्षेप | ४४५.१९ | ७६०.५५ | ७२८.४८ | १,०४५.६३ | ७०.८४ | ४३.५४ |
| अन्य लगानी | ७९.०५ | ७५.११ | ८९.७१ | ७६.६२ | (४.९८) | (१४.५९) |
| **जम्मा लगानी** | **६०९.५५** | **९३६.९८** | **९३४.२३** | **१,२४७.४९** | **५३.७२** | **३३.५३** |

## २.६ जोखिम भारित सम्पत्ति र कुल सम्पत्ति

२०८० पुस मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति र जोखिम भारित सम्पत्ति दुवै बढेको छ । उक्त अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति रु. ५ खर्ब ७ अर्ब ३७ करोड पुगेको छ । यो २०८० असार मसान्तको तुलनामा ३.७१ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल सम्पत्ति ०.६२ प्रतिशतले बढेको थियो । २०८० पुस मसान्तमा कुल जोखिम भारित सम्पत्ति (Risk Weighted Assets) कुल सम्पतिको ९४.२२ प्रतिशत रहेको छ जुन २०८० असार मसान्तमा ९५.४४ प्रतिशत रहेको थियो ।

**तालिका २.१२ः कुल सम्पत्ति र जोखिम भारित सम्पत्तिको विवरण**

(रु.करोडमा)

| विवरण | २०७९ असार (१) | २०७९ पुस (२) | २०८० असार (३) | २०८० पुस (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| कुल सम्पत्ति | ५०,७९४.३२ | ५१,१०८.३६ | ४८,९२४.०५ | ५०,७३६.९८ | ०.६२ | ३.७१ |
| जोखिम भारित सम्पत्ति | ४७,७४२.५६ | ४८,२५३.०० | ४६,६९५.२८ | ४७,८०३.४५ | १.०७ | २.३७ |
| जोखिम भारित सम्पति/कुल सम्पति अनुपात (प्रतिशत) | **९३.९९** | **९४.४१** | **९५.४४** | **९४.२२** | | |

## २.७ मुनाफा स्थिति

समीक्षा अवधिमा अघिल्लो आर्थिक बर्षको दोस्रो त्रयमासको तुलनामा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको खुद मुनाफामा ह्रास आएको छ । २०८० पुस मसान्तसम्ममा उक्त लघुवित्त वित्तीय संस्थाहरुको ब्याज आम्दानी रु. ३ अर्ब ७ करोड र ब्याज खर्च रु. १ अर्ब ८१ करोड रहेको छ । समीक्षा अवधिमा यस्ता लघुवित्त वित्तीय संस्थाहरुले रु.५९ करोड खुद मुनाफा गरेका छन् जुन अघिल्लो आर्थिक वर्षको दोस्रो त्रयमासको तुलनामा २४.५८ प्रतिशतले कम हो ।

**तालिका २.१३: मुनाफा स्थिति (थोक कर्जा प्रदायक)**

(रु. करोडमा)

| विवरण | २०७९ असार (१) | २०७९ पुस (२) | २०८० असार (३) | २०८० पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (३-१)/(१)*१०० | (४-२)/(२)*१०० |
| ब्याज आम्दानी | ५५२.३४ | ३३८.८० | ५४०.२८ | ३०७.०० | (२.१८) | (९.३८) |
| ब्याज खर्च | २९१.४८ | १९०.८१ | ३०३.८९ | १८१.०७ | ४.२६ | (५.१०) |
| संचालन आम्दानी | २७५.३४ | १५७.९६ | २४५.५७ | १२८.८४ | (१०.८१) | (१८.४४) |
| खूद नाफा/नोक्सान | १६५.३० | ७८.५५ | १११.३९ | ५९.२५ | (३२.६२) | (२४.५८) |

समीक्षा अवधिमा अघिल्लो आर्थिक बर्षको दोस्रो त्रयमासको तुलनामा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको खुद मुनाफामा ह्रास आएको छ । उक्त लघुवित्त वित्तीय संस्थाहरुको २०७९ पुस मसान्तमा खुद मुनाफा रु. २ अर्ब ४२ करोड रहेकोमा ८७ प्रतिशतले ह्रास भई २०८० पुस मसान्तमा खुद मुनाफा ३१ करोड पुगेको छ । समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको ब्याज आम्दानी रु. २४ अर्ब ७४ करोड र ब्याज खर्च रु. १५ अर्ब ५२ करोड रहेको छ (तालिका २.१४)। **यस अवधिमा सञ्चालित ५४ खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरु मध्ये २१ वटा लघुवित्त वित्तीय संस्थाहरु खुद नोक्सानीमा रहेको देखिन्छ ।**

**तालिका २.१४: मुनाफा स्थिति (खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| विवरण | २०७९ असार (१) | २०७९ पुस (२) | २०८० असार (३) | २०८० पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (३-१)/(१)*१०० | (४-२)/(२)*१०० |
| ब्याज आम्दानी | ५,४४४.७९ | २,७३३.०१ | ५,६२७.८८ | २,४७३.७६ | ३.३६ | (९.४९) |
| ब्याज खर्च | २,७६०.७३ | १,६०४.६९ | ३,३९२.६७ | १,५५१.९४ | २२.८९ | (३.२९) |
| संचालन आम्दानी | ३,३७५.७५ | १,४०२.५९ | २,६८३.८४ | १,१५३.३५ | (२०.५०) | (१७.७७) |
| खूद नाफा/नोक्सान | १,०५६.४८ | २४२.२५ | ३०२.३६ | ३१.४९ | (७१.३८) | (८७.००) |

## २.८ तरलता स्थिति

समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पत्तिमा ह्रास आएको छ । सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरु निर्धन उत्थान लघुवित्त वित्तीय संस्था र छिमेक लघुवित्त वित्तीय संस्था मात्र रहेका छन् । २०८० पुस मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पत्ति २०८० असारको तुलनामा ८.९५ प्रतिशतले घटेर रु. ५ अर्ब ७२ करोड पुगेको छ ।

### तालिका २.१५: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन गर्ने संस्था)

(रू.करोडमा)

| विवरण | २०७९ असार (१) | २०७९ पुस (२) | २०८० असार (३) | २०८० पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| नगद | ३.४९ | ६.५९ | ४.११ | ५.९० | ८८.६६ | ४३.५१ |
| नेपाल राष्ट्र बैंक मौज्दात | १०१.१० | १०२.३२ | १३८.९९ | १२७.३६ | १.२१ | (८.३७) |
| बैंक तथा बित्तीय संस्था मौज्दात | १७८.३५ | २५१.०४ | ४०५.७८ | ३४३.५१ | ४०.७५ | (१५.३५) |
| सरकारी सुरक्षणपत्रमा लगानी | ७५.९६ | ८८.३१ | ७९.१६ | ९५.०७ | १६.२६ | २०.०९ |
| **कुल तरल सम्पत्ति** | **३५८.९१** | **४४८.२६** | **६२८.०४** | **५७१.८३** | २४.९० | (८.९५) |
| कुल बचत तथा निक्षेप (अघिल्लो त्रयमास) | ४,३३७.६८ | ४,७००.०६ | ४,९२८.६१ | ५,००४.७० | | |
| कुल सापटी (अघिल्लो त्रयमास) | १,१९८.४९ | १,०७४.३४ | १,००२.०९ | ७६९.९४ | | |
| तरल सम्पत्ति/ कुल बचत तथा निक्षेप(प्रतिशत) | **८.९७** | **९.५४** | **१२.७४** | **११.४३** | | |
| तरल सम्पत्ति/ कुल बचत निक्षेप तथा सापटी प्रतिशत) | **६.९७** | **७.७६** | **१०.५९** | **९.९०** | | |
| वैधानिक तरलता अनुपात | **४.२०** | **४.१९** | **४.५०** | **४.४९** | | |
| अनिवार्य मौज्दात अनुपात | **३.१८** | **३.२०** | **३.५४** | **३.५७** | | |

२०८० पुस मसान्तमा तरल सम्पत्ति/कुल बचत तथा निक्षेप अनुपात ११.४३ प्रतिशत रहेको छ । २०८० असार मसान्तमा यस्तो अनुपात १२.७४ प्रतिशत रहेको थियो । सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०८० पुस महिनाको वैधानिक तरलता अनुपात र अनिवार्य मौज्दात अनुपात क्रमशः ४.४९ प्रतिशत र ३.५७ प्रतिशत रहेको छ । समग्रमा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपात तोकिएको न्यूनतम दरभन्दा बढी नै रहेको छ ।

## तालिका २.१६ः तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने संस्था)

(रू.करोडमा)

| विवरण | २०७९ असार (१) | २०७९ पुस (२) | २०८० असार (३) | २०८० पुस (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| नगद | ३३.६५ | ४९.१६ | ४५.३१ | ४८.९३ | ४६.१० | ७.९७ |
| नेपाल राष्ट्र बैंक मौज्दात | ७५.२१ | ८३.०७ | ९४.५५ | ८४.४३ | १०.४५ | (१०.७०) |
| बैंक तथा वित्तीय संस्था मौज्दात | १,६४०.१५ | १,६१८.७६ | २,००७.५९ | २,२९४.४२ | (१.३०) | १४.२९ |
| सरकारी सुरक्षणपत्रमा लगानी | - | - | २६.७८ | २०.०० | - | (२५.३०) |
| **कुल तरल सम्पत्ति** | **१,७४९.०१** | **१,७५१.००** | **२,१७४.२३** | **२,४४७.७८** | **०.११** | **१२.५८** |
| कुल बचत (अघिल्लो त्रयमास) | १०,९२४.६४ | ११,७१९.५४ | ११,९१८.२९ | ११,६७९.०८ | | |
| कुल सापटी (अघिल्लो त्रयमास) | २२,४६९.८८ | २२,४६०.६८ | २०,९१३.७२ | २१,१५७.०३ | | |
| तरल सम्पत्ति/ कुल बचत (प्रतिशत) | **१७.८६** | **१४.९४** | **१८.२४** | **२०.९६** | | |
| तरल सम्पत्ति/ कुल बचत तथा सापटी (प्रतिशत) | **५.५६** | **५.१२** | **६.६२** | **७.४५** | | |
| अनिवार्य मौज्दात अनुपात | **०.६०** | **०.५९** | **०.६३** | **०.५८** | | |

सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको कुल तरल सम्पत्तिमा वृद्धि भएको छ । सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०८० पुस मसान्तमा तरल सम्पत्ति २०८० असारको तुलनामा १२.५८ प्रतिशतले वृद्धि भई रु. २४ अर्ब ४८ करोड पुगेको छ । २०८० असार मसान्तमा १८.२४ प्रतिशत रहेको तरल सम्पत्ति/कुल बचत अनुपात २०८० पुस मसान्तमा भने २०.९६ प्रतिशत रहेको छ । समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात बढेको छ । समग्रमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०८० पुस महिनाको अनिवार्य मौज्दात अनुपात ०.५८ प्रतिशत रहेको छ (तालिका २.१६) । सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने संस्थाहरु मध्ये सुपर लघुवित्त वित्तीय संस्था लि. र समाज लघुवित्त वित्तीय संस्था लि. बाहेक अन्य सबै लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात तोकिएको दर भित्रै रहेको छ ।

# खण्ड (३)

## निर्देशन पालनाको स्थिति

नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनहरु अन्तर्गत पुँजीकोष, वित्तीय स्रोत संकलन, अनिवार्य मौज्दात, कर्जा वर्गीकरण तथा नोक्सानी व्यवस्था, प्रति ग्राहक कर्जा सीमा, ब्याजदर सम्बन्धी व्यवस्था, लगानी सम्बन्धी व्यवस्था आदिको निर्देशन पालना सम्बन्धमा विभिन्न वित्तीय संस्थाहरुको स्थिति यस खण्डमा विश्लेषण गरिएको छ ।

### ३.१ पुँजीकोष अनुपात

यस बैंकको निर्देशन बमोजिम लघुवित्त वित्तीय संस्थाहरूले कुल जोखिम भारित सम्पत्तिको ४ प्रतिशत प्राथमिक पुँजी र ८ प्रतिशत पुँजीकोष कायम गर्नुपर्ने व्यवस्था रहेकोमा २०८० पुस मसान्तको अपरिष्कृत वित्तीय विवरणको आधारमा सुपर लघुवित्त वित्तीय संस्था लि. र श्रृजनशिल लघुवित्त वित्तीय संस्था लि. को पुँजीकोष ८ प्रतिशत भन्दा कम रहेको देखिन्छ । सुपर लघुवित्त वित्तीय संस्थालाई शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली २०७४ को विनियम ३ बमोजिमको कारवाही गरिएको छ । अन्य ५५ वटा लघुवित्त वित्तीय संस्थाहरूले पुँजीकोष सम्बन्धी निर्देशनको पालना गरेको देखिन्छ ।

### ३.२ वित्तीय स्रोत संकलन

अघिल्लो त्रयमासमा कायम रहेको प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत संकलन गर्न पाउने विद्यमान व्यवस्था रहेकोमा २०८० पुस मसान्तमा सम्पूर्ण लघुवित्त वित्तीय संस्थाहरूले सो निर्देशनको पालना गरेको देखिन्छ ।

### ३.३ कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था

#### (क) सक्रिय कर्जा नोक्सानी व्यवस्था

यस बैंकको निर्देशन बमोजिम २०८० पुस मसान्तमा लघुवित्त वित्तीय संस्थाले असल कर्जाका लागि १.३ प्रतिशत र सुक्ष्म निगरानी र पुनरसंरचना/पुर्नतालीकिकरण कर्जाका लागि ५ प्रतिशत तथा बीमित कर्जाको हकमा उपरोक्त व्यवस्थाको २५ प्रतिशत नोक्सानी व्यवस्था कायम गरेको देखिन्छ । साथै सक्रिय कर्जाका लागि कुल कर्जा रकमको १.६० प्रतिशत बराबर कर्जा नोक्सानी व्यवस्था कायम गरेको देखिन्छ ।

#### (ख) निष्क्रिय कर्जा नोक्सानी व्यवस्था

यस बैंकको निर्देशन बमोजिम २०८० पुस मसान्तमा लघुवित्त वित्तीय संस्थाले निष्क्रिय कर्जालाई कमसल, शंकास्पद र खराब कर्जामा वर्गीकरण गरी क्रमश २५, ५० र १०० प्रतिशत तथा बीमित कर्जाको हकमा उपरोक्त व्यवस्थाको २५ प्रतिशत नोक्सानी व्यवस्था कायम गरेको देखिन्छ ।

२०८० पुस मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जामा निष्क्रिय कर्जा अनुपात ६.८५ प्रतिशत रहेको देखिन्छ । साथै निष्क्रिय कर्जाका लागि कुल कर्जा रकमको ३.३९ प्रतिशत बराबर कर्जा नोक्सानी व्यवस्था कायम गरेको देखिन्छ ।

२०८० पुस मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरुले रु २१ अर्ब ९० करोड बराबर कर्जा नोक्सानी व्यवस्था कायम गरेका छन् । उक्त रकम कुल बाँकी कर्जाको ४.९८ प्रतिशत र निष्कृय कर्जाको ७२.७४ प्रतिशत रहेको देखिन्छ ।

### ३.४ धितो कर्जा र कुल कर्जा अनुपात

लघुवित्त वित्तीय संस्थाहरुले आफूले प्रदान गरेको कुल कर्जाको एक-तिहाई (३३.३३ प्रतिशत) मा नबढ्ने गरी धितो लिई लघु उद्यम कर्जा प्रदान गर्नसक्ने व्यवस्था रहेकोमा २०८० पुस मसान्तमा धितो कर्जा कुल कर्जाको १७.३५ प्रतिशत रहेको देखिन्छ ।

### ३.५ अनिवार्य मौज्दात अनुपात

यस बैंकबाट इजाजतपत्रप्राप्त “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुले कुल बचत दायित्वको ०.५ प्रतिशत (सर्वसाधारणबाट निक्षेप संकलन गर्नेको हकमा २ प्रतिशत) अनिवार्य मौज्दात अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा २०८० पुस मसान्तमा सुपर लघुवित्त वित्तीय संस्था लि. र समाज लघुवित्त वित्तीय संस्था लि. बाहेक अन्य सबै लघुवित्त वित्तीय संस्थाहरुले सो निर्देशनको पालना गरेको देखिन्छ ।

### ३.६ तरल सम्पत्ति अनुपात

यस बैंकबाट इजाजतपत्रप्राप्त “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७९ अनुसार सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो कुल बचत दायित्वको २.५ प्रतिशत तरल सम्पत्ति अनुपात तथा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो कुल बचत तथा निक्षेप दायित्वको ४ प्रतिशत वैधानिक तरलता अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा २०८० पुस मसान्तमा सुपर लघुवित्त वित्तीय संस्था लि. बाहेक अन्य सबै लघुवित्त वित्तीय संस्थाहरुले सो व्यवस्थाको पालना गरेको देखिन्छ ।

### ३.७ नेपाल राष्ट्र बैंकमा पठाउनुपर्ने विवरण सम्बन्धमा

यस बैंकबाट जारी भएको निर्देशन नं. ९ बमोजिम वित्तीय विवरणहरु यस बैंकमा पठाउनु पर्ने व्यवस्थाको सम्बन्धमा २०८० पुस मसान्तसम्ममा सम्पूर्ण लघुवित्त वित्तीय संस्थाहरुले आवश्यक कागजात तथा वित्तीय विवरणहरु पठाइरहेको देखिन्छ ।

-0-